# सुन्दरहरैंचा नगरपालिका
SUNDARHARAINCHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk,Morang
१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal
योजना शाखा

प.सं.: २०७६/७७
च.नं.(Ref.No.): ४२५

मिति : २०७६/०५/२७

**विषय :- उपभोक्ता समिति गठन तथा योजना कार्यान्वयन सम्वन्धमा।**

श्री वडा कार्यालयहरु सवै,
सुन्दरहरैंचा नगरपालिका, मोरङ।

प्रस्तुत विषयमा चालु आ.व. २०७६/०७७ को चौथो नगरसभावाट स्वीकृत वार्षिक कार्यक्रम यस कार्यालयको च.नं. २८३, मिति २०७६/०५/०८ वाट तहाँ पठाई सकिएको छ। उक्त पत्रवाट माग भएको वार्षिक कार्यक्रमको कार्य योजना हाल सम्म पनि यस कार्यालयमा प्राप्त नभएको हुँदा उक्त कार्यक्रम तयार गरि यथाशिघ्र पठाउनुहुन अनुरोध छ।

साथै चालु आ.व.२०७६।०७७ मा संचालन हुने योजनाहरु कार्यान्वयन गर्ने सम्वन्धमा २०७६ असोज मसान्त सम्ममा उपभोक्ता समिति गठन,कार्तिक मसान्त सम्ममा उपभोक्ता समितिलाइ तालिम संचालन र मंसीर मसान्त सम्ममा योजना सम्झौता गरि सक्ने गरी यस नगर कार्यपालिकाको ३७ औं वैठकको निर्णयवाट समय तालिका निर्धारण भएकोले सो अनुसार योजना संचालन तथा कार्यान्वयनका लागि तहावाट आवश्यक व्यवस्थापन गर्नु गराउनु हुन र **उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४** को दफा ५ वमोजिमको योग्यताका आधारमा दफा ४ वमोजिमको उपभोक्ता समिति गठन गरि मिति २०७६/०६/३० गते भित्र यस कार्यालयमा आइपुग्ने गरि पठाई दिनुहुन निर्देशानुसार अनुरोध छ।

समिति गठन गर्दा आम भेलाको हस्ताक्षर सहितको उपस्थिति पश्चात **क) उपभोक्ता समिति गठन सम्वन्धमा, ख) वैंक खाता सञ्चालन सम्वन्धमा र ग) योजना सम्झौताका लागि अधिकार प्रत्यायोजन सम्वन्धमा** मुख्य प्रस्तावहरु अनिवार्य तथा अन्य आवश्यक अनुसारका प्रस्ताव उपर छलफल गरि सकेसम्म सर्वसम्मतिमा निर्णय गराई माइन्युटमा लिपिवद्ध गर्नुपर्ने र अन्तमा सहभागी सवैको हस्ताक्षर अनिवार्य गराउनु पर्नेछ।

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को दफा ४ र ५ को उतार संलग्न छ।

०७६/५/२८

(गोविन्द खड्का)
अधिकृत छैठौं

**गोविन्द खड्का**
**अधिकृत छैठौं**

सुन्दरहरैँचा नगरपालिका
SUNDARHARAINCHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk,Morang
१ नं प्रदेश, नेपाल
Province No. 1, Nepal

योजना शाखा

प.सं.: २०७५/७६

च.नं.(Ref.No.):

गोविन्द खड्का
अधिकृत छैठौं

**उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को दफा ४ र ५ उतार**

**४. उपभोक्ता समिति गठनसम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समिति गठन देहायबमोजिम गर्नुपर्ने छ :

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताको आमभेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना-स्थलमा नै कम्तीमा सातदेखि बढीमा एघार जना सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने छ।

(ख) समिति गठनका लागि आमभेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रूपमा जानकारी गराउनुपर्ने छ।

(ग) नगरपालिकास्तरीय आयोजना सञ्चालनका लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिका रोहबरमा वा नगरसभा सदस्यको रोहबरमा गर्नुपर्ने छ।

(घ) वडास्तरीय आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडाअध्यक्ष वा वडासदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिका रोहबरमा गर्नुपर्ने छ।

(ङ) उपभोक्ता समिति गठनका लागि बोलाइएको भेलामा योजनाको सङ्क्षिप्त विवरण र समितिको संरचनासहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनुपर्ने छ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्ने छ। समितिमा कम्तीमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्ने छ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्ने छ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन, साथै सगोलका परिवारबाट एक जनाभन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरूको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ।

(झ) उपभोक्ताहरूको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइने छ।

(ञ) उपभोक्ता समितिले सम्झौताबमोजिम गर्नुपर्ने काम समिति आफैँले गर्नु/गराउनुपर्ने छ। अन्य कुनै निर्माण-व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न/गराउन पाइने छैन।

(ट) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने छ।

**५. उपभोक्ता समितिका सदस्यको योग्यता :** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहायबमोजिम हुनुपर्ने छ:

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा वा सम्बन्धित क्षेत्रमा जग्गाजमिन भएको,

(ख) १८ वर्ष उमेर पूरा भएको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) सरकारी बाँकीबक्यौता वा पेस्की फछ्र्योट गर्न बाँकी नरहेको,

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको,

(च) सुन्दरहरैँचा नगरपालिकालाई तिर्नु र बुझाउनुपर्ने सम्पत्ति करलगायतका सबै प्रकारका कर दायित्व तिरेको वा बुझाएको,

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन,